**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


# बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ६ बबई दाङ, संख्याः ४ मितिः २०७९/०८/२७


**भाग-२**

**बबई गाउँपालिका**

## बबई युवा तथा खेलकुद परिषद् सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९

# बबई युवा तथा खेलकुद परिषद् सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९

**प्रस्तावनाः**

बबई युवा तथा खेलकुद परिषद् सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) र बबई युवा तथा खेलकुद परिषद संचालन कार्यविधि, २०७७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी बबई गाउँकार्यपालिकाको मिति २०७९/०८/२० को निर्णयवाट देहायको कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम बबई युवा तथा खेलकुद परिषद् सञ्चालन(पहिलो) संशोधन) कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि बबई गाउँकार्यपालिकावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः

बबई गाउँपालिकाभित्र युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन गरि समृद्ध बबई गाउँपालिका निर्माणका लागि र खेलकुदको प्रवर्द्धन गरि व्यवसायिक खेल तथा खेलाडीको विकास गर्नका लागि यो कार्यविधिको दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशिल व्यक्तिहरु मध्येबाट गाउँपालिकाले देहाय बमोजिमको परिषद् गठन गर्नेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजक,सामाजिक विकास समिति - सदस्य

(ङ) युवा सम्बन्धि विभिन्न संघ, संस्थाबाट कार्यपालिकाले मनोनयन गरेको एकजना - सदस्य

(च) युवाको हक, हित, संरक्षण र सम्वर्द्धनमा विशेष योगदान पुर्याएका युवाहरुमध्येबाट आदिवासी जनजाती, दलित, अपाङ्गता भएका, अल्पसंख्यकको प्रतिनिधित्व हुने गरि कार्यपालिकाले मनोनयन गरेको दुईजना - सदस्य

(छ) गाउँपालिका क्षेत्र भित्रका विद्यालयका शिक्षक मध्येबाट कार्यपालिकाले मनोनयन गरेको खेलकुद सम्वन्धी विज्ञ शिक्षक एकजना - सदस्य

(ज) खेलकुदको विकासमा महत्वपूर्ण योगदान गरेका प्रतिष्ठित व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्व खेलाडीहरुमध्ये फरक फरक खेलबाट प्रतिनिधित्व हुने गरि कार्यपालिकाले मनोनयन गरेको एकजना महिलासहित दुईजना - सदस्य

(झ) खेलकुद विज्ञ, खेलकुद प्रशिक्षक, खेलकुद प्राविधिक वा एन्टिडोपिङ विज्ञ मध्येबाट अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(ञ) सम्बन्धित स्थानीय खेल संघको विधान बमोजिम निर्वाचित संघका पदाधिकारी वा सदस्यहरु मध्येबाट सम्बन्धित संघको सिफारिसमा कार्यपालिकाले मनोनयन गरेको फरकफरक खेल संघको प्रतिनिधित्व हुने गरि दुईजना - सदस्य

(ट) उद्योग वाणिज्य संघको सिफारिसमा अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(ठ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य सचिव

**३. मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को खण्ड (क) र (च) को सट्टा देहायको खण्ड (क) र (च) राखिएको छः

(क) १८ वर्ष पुरा भएको नेपाली नागरिक

मूल कार्यविधिको दफा ९ को खण्ड (च) झिकिएको छ ।

**४. मूल कार्यविधिको दफा १० मा संशोधनः**

मूल कार्यविधिको दफा १० झिकिएको छ।

**५. मूल कार्यविधिको दफा ११ मा संशोधनः**

मूल कार्यविधिमा देहायको दफा ११ (च) थप गरिएको छ ।

७ देखि ९ सदस्य रहेको ।

**६. मूल कार्यविधिको दफा २३ मा संशोधनः**

मूल कार्यविधिको दफा २३ झिकिएको छ।

**आज्ञाले**
**मुक्ति नन्द रावल**
**प्रमुख प्रशासकीय अधिकृत**

**आज्ञाले**
**मुक्ति नन्द रावल**
**प्रमुख प्रशासकीय अधिकृत**